कटहरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरिया, रौतहट
प्रदेश नं. २ नेपाल

निर्णयहरु

**निर्णय नं.१ :**

प्रस्ताव नं.१ माथी छलफल गर्दा यस कटहरिया नगरपालिका अन्तर्गत वडा नं.१ देखि ९ सम्म वडा स्तरीय कोरोना नियन्त्रण तथा व्यवस्थापन १५ (पन्ध्र) सदस्यि सम्बन्धीत जनप्रतिनिधि प्रमुख प्रतिपक्षि दलका प्रतिनिधि स्थानिय पत्रकार,शिक्षक , बुद्धिजिवि महिला संघ संस्थामा कार्यरत प्रतिनिधी लगायतको समिति गठन गर्न सर्व सहमतिबाट निर्णय गरियो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं.२ माथी छलफल गर्दा यस कटहरिया नगरपालिका अन्तर्गत वडा नं.१ देखि ९ सम्म सार्वजनिक स्थलमा, जमघट नहुने तथा औषधी पसल बाहेक बजार गाँउ/टोलमा कुनै प्रकारको पसल नखोल्ने पसल अगाडी नबस्ने तथा नेपाल सरकारबाट मान्यता प्राप्त वितिय संस्थाहरु( बैंकहरु) जेष्ठ ५ गते सम्मका लागि पूर्ण रुपमा बन्दाबन्दीको पालना गर्न/गराउन सर्व सहमतिबाट निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कटहरिया नगरपालिकामा भारत बाट आउनेलाई सिधैं क्वारेनटाईममा पठाउने तथा अन्य जिल्लाहरुबाट आएका व्यक्तिहरुलाई स्वास्थ्य परिक्षण गरि/गराई चिकित्सकको सल्लाह अनुसार सेल्फ क्वारेनटाईममा बस्न भनि सहमति गराई छोडन् सर्व सहमतिबाट निर्णय गरियो । साथै पूर्ण रुपमा लकडाउन पालना गर्ने क्रममा दैनिक हाथ मुख जोर्ने सम्स्याले ग्रसित , दैनिक ज्यालादारीमा मजदुरी गर्ने मजदुर, श्रमिक गरिब तथा आर्थिक रुपमा विपन्न व्यक्ति वा परिवार पहिचान गरि सम्बन्धीत वडा कार्यालय र ईलाका प्रहरी कार्यालयको सिफारीस बमोजिम आवश्यक सहयोग गर्न न.पा.कार्यालयलाई सिफारिस गर्न सर्व सहमतिबाट निर्णय गरियो ।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस कटहरिया नगरपालिका अन्तर्गत वडा नं.१ देखि ९ सम्म लकडाउन (बन्दाबन्दी ) उलङ्घन गर्ने जो कोही व्यक्ति , व्यपारीहरुलाई लकडाउन (बन्दाबन्दी) नियमानुसारको कार्यवाही गर्न सर्व सहमतिबाट निर्णय गरियो ।

सियाराम प्र.

सियाराम प्रसाद कुशवाहा
नगर प्रमुख
कटहरिया नगरपालिका
कटहरिया, रौतहट